# वालिङ नगरपालिकाको उपभोक्ता समिति कार्य सञ्चालन कार्यविधि २०७४

**प्रस्तावना**

नेपालको सम्विधान २०७२ को भाग ५ को धारा ५६ को उपधारा १ मा नेपालको मुल सरचनामा स्थानीय तहको ब्यवस्था छ भने भाग १७ को धारा २१४ को उपधारा १ मा स्थानीय तहको कार्यकारी अधिकार सम्विधान र संघिय कानुनको अधिनमा रही नगरकार्यपालिकामा निहित छ । त्यसै गरी उपधारा ५ मा नगरपालिकाको नाममा हुने निर्णय वा आदेश र तत्सम्वन्धी अधिकारको प्रमाणिकरण स्थानीयकानुन वमोजिम हुने छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २ को (भ) मा स्थानीय कानुन भन्नाले नगर सभाले बनाएको कानुन सम्झनु पर्दछ भनिउल्लेख भए वमोजिम वालिङ नगरपालिकाको संचितकोषमा प्राप्त हुने रकम वाट नगरपालिकाको विनियोजन ऐन नीति तथा कार्यक्रममा उल्लेखित योजना तथा कार्यक्रम उपभोक्ता समिति द्वारा कार्यान्वयन गर्न सार्वजनिक खरिद ऐन २०६३ को संशोधन २०७३ को दफा ८ उपदफाहरु रनियमावली २०६४ सशोधन २०७३ नियम ९७ को उपनियमहरुमा उपभोक्ता समितिले गर्न पाउने व्यवस्था वमोजिमको अधिकार प्रयोग गरी प्रत्यक्ष रुपमा लाभान्वीत हुने जनसमुदाय वाट गठित उपभोक्ता समितिबाट निर्माण हुने योजनामा वढि भन्दा वढि न्यायोचित, समान दृष्टिवाट जनसहभागिता जुट्नुको साथै लामो समय टिकाउ,मर्मतसम्भारको व्यवस्थापन,अपनत्व,तर्जुमा कार्यन्वयन अनुगमनमा पारदर्शीता, जवाफदेहीता, उत्तरदायी रहने, तोकिएको समयमानै योजना सम्पन्न भइ उपभोक्ता लाभान्वीत हुने गरी आयोजना योजना हरु उपभोक्ता समितिवाट सञ्चालन गर्न कार्यविधि वनाउन बान्छनीय भएकोले वालिङ नगरपालिकाको उपभोक्ता समिति कार्य सञ्चालन कार्यविधि २०७४ लागु गरिएको छ ।

**भाग १**

**परिभाषा**

१ विषय वा प्रसंगले आर्को अर्थ नलागेमा यस कार्य विधिमा ऐन भन्नाले नेपाल सरकार वाट जारि भएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई जनाउछ।

२ वालिङ नगरपालिकाको उपभोक्ता समितिको कार्यसञ्चालन कार्यविधि२०७४ सम्झनु पर्दछ ।

३ यो कार्यविधि तुरुन्त लागु हुने छ ।

४ **योजना माग भन्नाले** उपभोक्ता वा लाभग्राहीहरुले आफुको पहिलो आवश्यकता के हो ? सहभागीता जुट्ने कति ? प्राथमिकता तोकि निश्चित रुपमा न पा कोसिलिङका आधारमा जनसहभागिता सहितको अनुमान वजेट राखी माग पत्र सम्वन्धित निकायमा पेश गर्ने कुरा लाई जनाउछ ।

५ **उपभोक्ता भन्नाले** सम्पन्न योजना कार्यक्रम बाट प्रत्यक्ष लाभान्वित हुने जनसमुह भन्ने कुरा वुझाउछ ।

६ **उपभोक्ता समिति भन्नाले** निर्माण कार्यवाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै योजना कार्यक्रम निर्माण सञ्चालन मर्मत सम्भार गर्नको लागी आफुहरुमध्येवाट सम्बन्धित सरेकारवाला समेतको उपस्थितिमा गठन गरेको समिति सम्झनु पर्दछ ।

७ **आयोजना योजना कार्यक्रम भन्नाले** नगरवासीहरुलाइ प्रत्यक्ष रुपमा लाभ पुग्ने गरि गरिएको निर्माण, उत्पादन, सेवा जस्ता उपलब्ध हुने कार्य लाइ जनाउ छ ।

८ **सम्झौता भन्नाले** उपभोक्ता समिति वा लाभग्राही समुदायले गरीने योजनाको निर्माणकार्य सेवाको प्रकृति निर्माणस्थल, लागत सहभागीता, परिमाण, लागतअनुमान, डिजाइन, प्राविधिक सल्लाह दिने, नापजाच गर्ने,प्राविधिक सहयोग, सुपरीवेक्षण गुणस्तरिय सम्पन्न गराउने समय मर्मत सम्भार पेश्कीको माग भुक्तानीको सर्त जस्ता कुराहरु उल्लेख गरि दुवै पक्ष विचको सम्झौता कागज लाई जनाउछ ।

९ **लागत अनुमानभन्नाले** सार्वजनिक खरिद ऐन २०६३ संशोधन र सार्वजनिक खरिदनियमावलि २०६४ सशोधन सहित को उपनियम १ मा उल्लेखित एक करोढ सम्मको लागत अनुमानमुल्यअभिवृदिकर ओभरहेड कन्टेन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने गरी योजना निर्माण सम्पन्न गर्न लाग्ने रकम लाइ जनाउछ ।

**१० विकास योजना तथा परियोजना सम्वन्धी निति कानुन मापदण्ड तर्जुमा कार्यन्वयन अनुगमन मुल्याङकन र नियमन**

**भन्नाले** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ मा नगरपालिकाको अधिकार भन्ने कुरा र उपदफा २ को (छ) को (१) बमोजिम बुझाउछ ।

११ **पेश्की रकम भन्नाले** तोकिएको योजनाको निर्माण कार्य सुरु गर्न उ स को निर्णय बमोजिम माग निवेदनका आधारमा कार्यालयवाट उपलब्ध गराउन सकिने निश्चित रकमलाई जनाउछ तर मुल्यङ्कनको आधारमा पहिलो पेश्की फर्चोट नहुदा सम्म दोस्रो पेश्की दिने छैन।

१२ **मालसामान खरिद निर्माणकार्य र सेवाको विवरण स्विकृत गर्नुपर्ने भन्नाले** खरिद वा निर्माण कार्य गर्नु अघि स्पेशिफिकेशन योजना नक्सा डिजाईन र आवश्यकता अनुसार अन्यविवरण तयार गराइ स्वीकृत गरेर खरिद गर्ने कार्यलाई जनाउछ ।

१३ **वजेट भन्नाले** नगरपालिकाले निर्माण खरिदको लागि विनियोजन ऐनमा व्यवस्था गरेको वार्षिक रकम लाई जनाउछ ।

१४ **गुरु योजना तयार गर्ने भन्नाले** एकवर्ष भन्दा वढि अवधि सञ्चालन हुने वा वार्षिक १० करोड रुपैया भन्दा बढि रुपैया लाग्ने आयोजना भन्ने कुरा वुझाउछ।

१५ **वार्षिक खरिद योजना तयार गर्ने भन्नाले** वार्षिक दश लाख रुपैया भन्दा वढी रकम रहेको योजनाको वार्षिक खरिद योजना वनाउने कुरा लाई जनाउछ।

१६ **सञ्चितकोष भन्नाले** नगरपालिकामा प्राप्त हुने सम्पूर्ण राजस्व सहितको अनुदान रकम जम्मा हुने खाता लाई सम्झनु पर्दछ।

१७ **मर्मत सम्भारकोष भन्नाले** नगरपालिका क्षेत्रमा सम्पन्न आयोजनाहरु वाट हरसमय लाभ लिन सकिने दुरुस्त अवस्थामा राख्न योजना तथा वस्तुको मर्मतको लागि गरिने खर्च लाई जनाउछ।

१८ **धरौटी रकम भन्नाले** कुनै काम टुगो नलागेसम्मका लागिसुरक्षण वापत राखिएको रकम लाई जमानत वा धरौटी रकम भन्ने कुरा वुझाउछ ।

१९ **जनसहभागीता भन्नाले** उपभोक्ताले योजनाको निर्माण र मर्मत गर्न नगद वा श्रमको निश्चित मुल्यलाई जनाउछ।

२० **प्राविधिक सहयोग भन्नाले** नगरपालिकाले उपभोक्ता समितिलाई सम्वन्धित कामको लागि प्राविधिक उपलबध गराउन नसक्ने भएमा सो कामको लागि उपभोक्त समितिले सो योजनाका लागी करारमा नियुक्त गरि काम गराउने सो योजनाको कट्टी गरेको रकम नगरपालिकाले उ स लाई फिर्ता दिनुपर्दछ सोही रकम वाट प्राविधिकको पारिश्रमिक बुझाउनेलाई बुझाउनेछ ।

२१ **हेभी मेशिन प्रयोग भन्नाले** सार्वजनिक खरिद नियमावलि २०६४ संशोधन सहित नियम ९७ को उपनियम ९ बमोजिम उपभोक्ता समिति वाट हुने निर्माण कार्यमा लोडर एक्साभेटर रोलर डोजर ग्रेडर विटुमिन डिस्ट्रीव्युटर ब्वाईलर जस्ता हेभि मेशीनहरु प्रयोग गर्न पाईने छैनभन्ने कुरा लाई वुझाउछ ।

२२ **आफै काम सम्पन्न गर्नु पर्ने भन्नाले** उपभोक्ता समितिले निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टर बाट काम गराउन सकिने छैन भन्ने कुरा लाई जनाउछ।

२३ **सम्झौत तोड्ने भन्नाले** सम्झौता बमोजिम काम नगरी हिनाविना गरेको पाईएमा वा समितिले काम गर्न नसकी निर्माण व्यवसायी मार्फत काम गरेमा सम्झौता तोडी नियमानुसार हुनेछ भन्ने कुरा लाइ वुझाउछ ।

२४ **कार्यसम्पन्न जाचपास भन्नाले** उपभोक्ता समिति निर्माण कार्य सम्पन्न गरेपछि नगरपालिकाले खटाएको प्राविधिक कर्मचारीवाट गरिएको मुल्याकंन न प्रतिवेदन नापी किताव खर्चको विवरण अनुगमन समितिको जाचपासको निर्यण र प्रतिवेदन प्रमाण समेत लाई  जनाउछ।

२५ **सार्वजानिक परिक्षण भन्नाले** निर्माण गरिएको योजनाको सम्पूर्ण आम्दानी खर्चको विवरण प्राविधिकको प्रतिवेदनसहितको प्रमाणहरु उपभोक्ता भेलाबाट निर्णय गराउने कुरालाई जनाउछ भने उपभोक्ता समितिले प्राविधिक मुल्याङ्कन विलभरपाई सहितको समिति वा समुदायको बैठकबाट अनुमोदन वा निर्णय गराई न पा मा पेश गर्ने कुरालाई जनाउछ ।

२६ **योजना हस्तान्तरण भन्नाले** उपभोक्ता समिति वा लाभग्राही समुदायले योजनाको निर्माण कार्य सम्पन्न भएपछि जाचपास तथा फरफारक गरेपछि नगरपालिकाले उपभोक्ता समिति वा लाभग्राहीलाई योजना जिम्मा दिने कुरा लाई वुझाउछ।

२७ **योजना वाट शुल्क लिने भन्नाले** उपभोक्ता समिति वा लाभग्राही समुदायको निर्णयवाट सोही योजना मर्मत संभार गर्न न पा को अनुमतिले योजना वाट लाभान्वीतहुने उपभोक्ताहरुवाट निश्चित शुल्क लिइ मर्मत संभार कोषवैङ्कमाजम्मागर्ने कुरालाई वुझाउछ।

२८ **कारवाही भन्नाले**उपभोक्त समितिले योजनाको रकम हिना विना गरेको ठहर भएमा सवै रकम सरकारी वाकि सरह नियमानुसार असुल गरिनेछ भन्ने कुरालाई वुझाउछ।

२९ **अनुसुची फारम भन्नाले** पारदर्शिता जबाफदेही वनाउन गराउन दुवापक्षे विच ऐन नियम अनुसार गरिने कागज लाई जनाउछ।

३० **वालिङ नगरपालिकाको मेशिनरी औजार भन्नाले** नेपाल सरकार चन्दादाता वाट प्राप्त वा न पा आफैले विकास निर्माणमा प्रयोग गर्ने
मेशिन वा औजारहरुलाई जनाउछ।

**भाग २**

**योजना तथा कार्यक्रम उपभोक्ता समिति वाट संचालन सम्वन्धि व्यवस्था**

उपभोक्ता वा लाभग्राहीले प्रत्यक्ष रुपमा प्रयोग गर्ने वा सेवा लिने योजना हरु लोडर एक्साभेटर रोलर डोजर ग्रेडर विटुमिन जस्त हेभी मेशिनरी प्रयोग हुने काम वाहेक र सामुदायिक भवन निर्माण जस्ता काम वाहेक र नियममा उल्लेख भए बमोजिम निम्न विषयहरु उल्लेखहुने खालका योजना हरु उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत सञ्चालन गर्न प्राथमिकता दिइनेछ।

१ उपभोक्ताले नगद सहभागिता जुटाउने योजनाहरु

२ योजनाको सुरुमा माग हुदा जनसहभागीता उपभोक्ताले वेहोर्ने गरी लागत स्टमेट हुदा कुन कुन कार्य जनसहभागीता वाट हुने हो र कुन काम अनुदानवाट हुने हो सो उल्लेख गरी सञ्चालन हुने योजनाहरु।

३ गरिवी निवारणसंग प्रत्यक्ष रुपमा सम्वन्धित योजनाहरु जस्तो उपभोक्ताहरुनै डकर्मी सिकर्मी लेवर आदी।

४ उपभोक्ताहरुको वढि सहभागीता रहने योजनाहरु।

५ योजनाको सुरु माग हुदाका वखतनै लागतसहभागितमा आधारित हो वा कुन अन्तरगत सञ्चालन हुने योजना हो सो कुरा उपभोक्ताको मागमा खुलेको योजनाहरु।

**भाग ३**

**उपभोक्त समिति, अनुगमन समिति, गठन, योग्यता र पदावधि सम्वन्धि व्यवस्था**

**समिति गठन सम्वन्धि**

१ योजना स्थलमानै योजनावाट लाभ प्राप्त गर्ने लाभान्वीत उपभोक्ताहरुको भेलावाट संस्था स्थायी रहने किसिमवाट न्युनतम ७ देखि ९ सदस्यीय उपभोत्ता समिति गठन हुनेछ, सदस्यमध्ये उपभोक्ता समितिमा अध्यक्ष, उपाध्यक्ष ,कोषाध्यक्ष , सचिव मध्येबाट १ जना महिला सहित समितिमा कम्तिमा ३३ प्रतिशत महिला रहने गरी सर्वसम्मत वा निर्वाचन प्रकृया द्धारा उपभोक्ता समिति गठन हुनेछ।

**योग्यता सम्वन्धि**

१नेपाली नागरिकताको प्रमाण पत्र लिएको हुनु पर्दछ।

२ फौजदारी मुद्धाको अभियोग लागेको हुनु हुदैन।

३ सरकारी नगद जिन्सी मासेको वा सरकारी सम्पति हिनामिना गरेको पेश्की वेरुजु रहेको हुनुहुदैन।

४ नेपाल सरकार प्रान्तिय सरकार र स्थानीय सरकारमा नोकरी गरेको वा कुनै पनि सरकारी नोकरीमा रहेको व्यक्ति हुनुहुदैन।

५ कुनै पनि राजनैतिक दलको जिम्मेवार पदाधिकारी हुनुहुदैन ।
६ एउटा परिवारको एकजना मात्र समितिमा रहन पाउनेछ ।
७ एउटा व्याक्ति एउटा समितिमा मात्र रहन पाउनेछ ।
८ जननिर्वाचित प्रतिनिधि समितिमा रहन नपाउने ।
९ अनुगमन समिति र उपभोक्ता समितिमा एउटै व्याक्ति रहन नपाउने ।
१० प्रचलित ऐन नियम अनुसार हुने ।
११ समितिका पदाधिकारी एवं सदस्यको पदावधी सो योजनाको अबधिभर मात्र हुनेछ ,तर विधान अनुसार दर्ता भएका उ स को हकमा सोही अनुसार हुनेछ।
१२सर्वसम्वत वा निर्वाचन प्रकृया द्धारा पून समिति चयन हुनेछ र समिति निरन्तर चल्नेछ ।
१३. रु.१० लाख वा सो भन्दा बढी बजेट ब्यबस्था भएको आयोजनाको हकमा दर्तावाला उ.स.बाट कार्यान्वियन गरिनेछ ।

**अनुगमन समिति सम्वन्धि गठन**

१ अनुगमन समितिमा १ महिला सहित ३ देखि ५ सदस्य रहेको अनुगमन समिति माथिको प्रकृया अनुसारनै गठन हुनेछ ।

**योग्यता**

१ उपभोक्ता समितिको अनुसारनै हुनेछ ।
२ पदावधी र निर्वाचन प्रकृया उ स अनुसारनै हुनेछ ।

**भाग ४**

**उपभोक्ता समितिको काम कर्तव्य र अधिकार सम्वन्धि व्यवस्था**

यस कार्यविधि बमोजिम उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन वा सञ्चालन गराउदा उपभोक्ता समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।
१ योजनाको लागत स्टमेट नक्सा डिजाईन प्राविधिक वाट बनाउने ।
२ समितिको बैठक बसी लागत स्टमेटको विषयमा छलफल गराई लागत सहभागिताको विषयमा निर्णय गर्ने ।
३ सो विषयमा उपभोक्ता भेला वाट पास गराउने
४ योजना सम्झौता गर्ने विषयमा उ स वाट निर्णय गराउने
५ निवेदन सहित संझौता गर्न न पा मा निर्णय पेस गर्ने र भाद्र महिना भित्र संझौता गर्ने ।
६ काम गर्ने योजनाको संपूर्ण विवरण तयार गर्ने
७ न पा को प्राविधिकको सल्लाह अनुसार काम गर्ने र प्राविधिक सहयोग न पा वाट नपाएको खण्डमा न पा को सहमतिमा कन्टेन्जेन्सी रकम वाट प्राविधिक नियुक्ति गरि प्राविधिकको सल्लाह अनुसार काम गर्ने ।
८ योजना कार्यन्वयनको सिलसिलामा डिजाईन भन्दा फरक काम गर्न पाईने छैन । फरक तरिका वाट गर्नुपरेको खण्डमा सोकोऔंचित्यको वारेमा छलफल तथा समितिवाट निर्णय गरी प्राविधिक सल्लाह अनुसार फेर्न मिल्ने नमिल्ने के हो प्राविधिकको प्रतिवेदन सहित न पा मा पेशगर्ने र न पा को निर्णय भए बमोजिममात्र योजनाको डिजाईनमा परिवर्तन भई सो कुरा समेत संझौतामा जनाई परिवर्तन बमोजिम काम गर्न पाईनेछ ।
९ योजनाको लागि उपभोक्ताले बेहोर्नपर्ने सहभागिता बापतनगदै रहेमा सो रकम न पा को खातामा जम्मा गराउने र जनश्रमदान रहेछ भने योजनाको कुन काम श्रमदानवाट गर्ने हो त्यो लागत स्टमेटमानै त्यो अंश उल्लेख गरेर मात्र सम्झौता गर्नपर्नेछ ।
१० योजना निर्माण सम्वन्धमा भएको प्रगति विवरण नगरपालिकामा मासिक रुपमा उपलब्ध गराउने ।
११ योजना कार्यान्वियन गर्दा स्थानीय स्रोत साधन र श्रमशक्तिको अधिकतम परिचालन गर्ने ।
१२ योजनाको निर्माण कार्य गुणस्तरीय रुपमा गर्नु पर्नेछ । निर्माण कार्य समाप्त भए पछि न पा संग संझौता हुदाको नक्सा डिजाईन तथा स्पेशिफिकेशन वमोजिम गुणस्तरयुक्त भए वा नभएको सम्वन्धमा जाच गराउने र श्रेस्ता तयार गर्ने ।
१३ उपभोक्ता समितिको वैठक निर्माणको समयमा आबश्यकता अनुसार र अन्यसमयमा २ महिनामा १ पटक गर्नु को साथै सभाको वैठक कम्तिमा वर्षको २ पटक गर्नुपर्नेछ ।

१४ योजना सञ्चालनको क्रममा देखापरेका वाधा व्यवधान आफै उपभोक्ता समिति वा उपभोक्ता भेला वाट हटाउने र सो हटाउन नसकेमा सो विवरण सहित न पा मा सिफारिस गरि पठाउने ।

१५ संझौता अनुसारको समय भित्र सम्पन्न गर्न नसक्ने भएमा म्याद थपका लागि समितिको निर्णय समेत पेश गरि निवेदन दिनु पर्नेछ।

१६ संझौताको म्याद भित्र योजनाको कार्यसम्पन्न गर्नुपर्दछ ।

१७ रु ५ लाख भन्दा माथिको योजनाका सम्वन्धमा सवैले देख्ने गरी योजना कार्यक्रम स्थलमा उपभोक्ता समितिले आयोजनाको सूचनापाटी तथा होडीङवोर्ड न पा ले उपलव्ध गराएको नमुना बमोजम राख्नु पर्दछ ।

१८ उपभोक्ता समितिले प्रतक्ष वा अप्रतक्ष ठेक्कामा लगाएको थाहा भएमा न पा ले रकम भुक्तानी दिन बाध्य हुनेछैन ।

१९ योजनाको कामको लागि रकम माग गर्दा निम्न अनुसारको प्रमाण पेश गर्नुपर्छ ।

क. रकम मागको उ स को निर्णय साथ माग निवेदन ।

ख. प्राविधिक वाट कामको मुल्याङ्कन ।

ग.प्रमाणित गरेको विल भरपाई सहितको खर्चको फांटवारी ।

घ. ज्यामी मिस्त्रीको भुक्तानी भएमा डोरहाजीर फारम

ङ. विल भरपाइ हरु नियमानुसार रितपुर्वकको हुनुपर्नेछ ।

च. विलमा लाग्ने कर सबै उ स ले बुझाउनु पर्नेछ ।

छ. सार्वजनिक परिक्षण र सामाजिक परीक्षण गराउनु पर्दछ ।

ज. अनुगमन समितिको निर्णय ।

झ. योजनाको काम गर्नु भन्दा पहिला खालि स्थानको र शिलन्यास वा सुरु काम गर्दा, विचमा काम गर्दाकोर अन्तिम काम गर्दाको  तस्वीर अनिवार्य पेश गर्नुपर्दछ ।

२० योजना संरक्षण मर्मत र संभार गर्ने ।

२१ मर्मत संभारको प्रयोजनमा उपभोक्ताहरुवाट मर्मत शुल्क उठाउने वैक खाता खोलि जम्मा गर्ने व्यवस्था मिलाउने ।

२२ सम्पन्न योजनावाट उपभोक्ताहरु लाभान्वीत अवस्था गुणस्तर जस्ता कुराको समिक्षा एव मुल्याकंन गरि विवरण न पा मा पेश गर्ने ।

भाग ५

**जनसहभागिता तथा लागत सहभागिता सम्वन्धि व्यवस्था**

उपभोक्ता समितिवाट संचालन हुने योजना उपभोक्ताले वेहोर्नपर्ने न्यूनतम अंश नगद एवं जनसहभागिता देहायबमोजिम हुनेछ ।

**१ वालिङ न पा लाई २ क्षेत्रमा विभाजन गरिएकोछ ।**

क शहरी क्षेत्र

ख ग्रामिण क्षेत्र

१  शहरीक्षेत्र भन्नाले व्यपारिक तथा औधोगिक तथा आर सि सि घरहरु रहेको, वस्ती विकास, व्यक्तिगत आर्थिक प्रगति, कालोपत्रे तथा व्यवस्थित सडक, समथर भुभाग क्षेत्रलाई लाई जनाउछ।

२  ग्रामिण क्षेत्रभन्नाले सागुरो विकास नभै सकेका कच्ची सडकहरु,साना कच्ची अव्यवस्थित घरवस्ती, व्याक्तिगत आय कम भएको क्षेत्रलाइ जनाउछ ।

१ शहरी क्षेत्र माटोको काममा लागतस्टमेटको ३० प्रतिशत,

२ ग्राभेलकोकाममा २५ प्रतिशत,

३ सडक कालोपत्रे २० प्रतिशत,

४ खा पा नदीनियन्त्रण सिञ्चाई तथा अन्यमा २० प्रतिशत

**नोट.** संघिय र प्रान्तिय सरकार, गै स स, संघसस्था दातृनिकायवाट प्राप्त अनुदान र सर्त अनुसार संचालन हुनेमा बाहेक अनुदान मात्र प्राप्तहुनेकोमा उपरोक्त अनुसारनै हुनेछ ।

५ . <u>लागत सहभागितामा आधारित बिकास कार्यक्रम</u> - न पा वाट गरिएको ल्पटिङक्षेत्रको पूर्वाधार विकासको आयोजनाहरुको हकमा साथै बिस्तारित बजारी बस्तीहरुमा नाला ,ग्राभेल , कालोपत्रे आदी कामको लागि लागत सहभागितामा आधारित बिकास कार्यक्रम मार्फत योजना सञ्चालन हुनेछ , यस्तो योजना वडास्तरबाट बर्गिकरण गरी पेश हुन समेत सक्नेछ । यसप्रकारको योजनामा उ स को ४० प्रतिशत लागत सहभागीता नगदै न.पा. को खातामा जम्मा गर्नपर्नेछ ।

**पूर्वाधार विकासका लागि ग्रामिणक्षेत्र लाई ३ भागमा विभाजन गरिएकोछ ।**

१. सुगम,
२. मध्यम
३. अतिदुर्गम

१ समथल भुभाग, धुले सडक, वस्ती विकासको लागि वढि संभावना र कृषिको उत्पादनहुने क्षेत्रलाई सुगम भनिएकोछ । २ पहाडी क्षेत्र, कच्चि सागुरो सडक, पर्यटकीय विकासको संभावना रहेको, ठाडो भिरालो जग्गा नभै समथल भिरालो र वस्ती विकासको बढि संभावना रहेको कृषि, फलफूल उत्पादन हुने क्षेत्रलाई मध्यमरुपमा राखिएकोछ ।

३धेरै भिरालो पहाडी जमिन, जगंल, पहाड चट्टान, गौचरन, सार्वजिक, सरकारी जग्गा रहेको पातलो वस्ती, वस्ती विकास गर्न गाह्रो कृषि र फलफूल खेति गर्न पनि धेरै उत्पादन गर्न नसकिने सागुरो धुले सडकल रहेको क्षेत्र दुर्गम भनिएकोछ ।

**१सुगम ग्रामिण क्षेत्र**

१ माटो कटिङको काम २५ प्रतिशत,
२ सडक ग्राभेल २५ प्रतिशत,
३ सडक कालो पत्रे २० प्रतिशत,
४ खा पा, सिंचाई, नदीनियन्त्रण १५ प्रतिशत,
५ अन्ने निर्माणमा १५ प्रतिशत तोकिएकोछ ।

**२ मध्यम ग्रामिण क्षेत्र**

१ माटो कटिङको काम २५ प्रतिशत,
२ सडक ग्राभेल २० प्रतिशत,
३ सडक कालो पत्रे १५ प्रतिशत,
५ खा पा, सिंचाई, पहिरो नियन्त्रण १५ प्रतिशत,
६ अन्ने निर्माण १५ प्रतिशत तोकिएकोछ ।

**३ अति दुर्गम ग्रामिण क्षेत्र**

१ माटोको काममा २० प्रतिशत,
२ सडक ग्राभेल १२ प्रतिशत,
३ सडक कालो पत्रे १० प्रतिशत,
४ खा पा सिंचाई पहिरो नियन्त्रण तथा अन्य निर्माणमा १० प्रतिशत तोकिएको छ ।

**नोट** १ लाख सम्मको योजना ग्रामिण क्षेत्रमा संचालन हुदा जनसहभागीता वापतको अंश लागतस्टमेटमा नै कामको अंश उपभोक्ताले वेहोर्ने श्रमदान वाट काम गरिने गरी स्पष्ट उल्लेख गरेर निर्माण कार्य गरिनेछ। साथै लागत सहभागितामा आधारित बिकास कार्यक्रमलाई प्राथमिकता दिन सकिनेछ ।

भाग ६

**न पा वाट गर्न सकिने सहयोग, निर्देशन, सल्लाह, सुझावको व्यवस्था**

१ उपभोक्ता समितिले पालना गर्नु पर्ने ऐन नियम र निर्देशिका बारे जानकारी गराउने ।

२ तालिम दिने ।भाद्र महिनावाटनै योजनाको कार्य सुरुवात गराउने ।

३ म्याद थपको माग आएमा वैशाख महिना भित्र सम्पन्न गर्ने गरि म्याद थप्ने।

४ जनसहभागीताको मुल्याङकन गर्ने ।

५ कुनै समस्या समाधानको विषयमा माग भै आएमा सोको समाधान गर्ने ।

५ प्राविधिकवाट लागतस्टमेट गर्न लगाउने।

६ योजना संझौता गराउने र प्रचलित ऐन नियम वमोजिम सोहिकामको लागि रकम पेश्की दिन सक्नेछ तर दिन बाध्य हुने छैन।

७ योजनाको स्थलगत निरिक्षेण, अनुगमन, सुपरिवेक्षण तथा प्राविधिक मुल्याङ्क, जाचपास गर्न कार्यसम्पन्न प्रतिवेदन तयार गर्न लगाउनेछ ।

८ उ स दर्ता गराउने र लगत तयार गरि राख्ने ।

९ उ स को विधान वनाउन सहयोग गर्ने ।

१० सार्वजिक परीक्षेण गर्न लगाउने ।

११ प्राविधिक मुल्याङकन प्रमाणित विलभरपाई उ स को निर्णय समेतका ऐन नियममा ब्यवस्था भएबमोजिम प्रमाणकाआधारमानिकाशादिने।

१२ अन्तिम किस्ता मागको निवेदन सहितको सम्पूर्ण प्रमाण दर्ता गराएको१महिना भित्र अन्तिम किस्ता भुक्तानि गरि फरफारकहुनेछ।

१३ फरफारक पछि योजना उ स लाई हस्तन्त्रणको प्रकृया अगाडी वढाईनेछ ।

१४ बहुबर्षिय योजना बाहेक सबै योजना वैशाख महिना भित्र सम्पन्न गराउने गरी कार्यक्रम चलाउनेछ त्यो भन्दा पछाडीको भुक्तानी रोक्नेछ।

१५ योजनाको म्याद थप गर्ने छैन ।

१६ उ स को सूचिकृत गर्ने र अध्यावधिक गर्नेछ।

१७ १० लाख भन्दा माथिका योजनाको उ स लाई प्रमाण पत्र दिईनेछ ।

१८ ३० हजार सम्मका साना तथा रिपिट नहुने योजनाहरुको हकमा सोझै उ सको अध्यक्षको नाममा अन्य कम्तिमा २ जना पदाधिकारीको रोहबरमा भुक्तानी हुने गरी रकम उपलब्ध गराउनेछ ।

१९ ३० हजार भन्दा माथिको रकम बाट संचालन हुने योजना हरुको हकमा सबै योजनाको योजनाको नाममानै बैकं खाता खोल्न लगाई भुक्तानी दिनेछ।

२० योजनाको रकम हिनाविना गरेको तथा व्यक्तिगत प्रयोजनमा लगायको, राम्रो काम नगरेको जस्ता कार्य गरेको पाईएमा तुरुन्त काम रोक्न लगाई छानविन गरि कार्वाहि अघिवढाउनेछ ।

२१ उ स को निर्णय वमोजिम पाईक पर्ने बैकंमा उ स अध्यक्ष कोषाध्यक्ष र सचिवको सयूक्त दस्तखतवाट बैकं खाता संचालन गर्न लगाउनेछ

२२ बैकं पासवुक चेकवुक चेक जाच गर्न सक्नेछ ।

२३ संझौता वमोजिम योजनाकार्य संचालनको लागि कामको प्रकृतिहेरी अग्रीम रुपमा कार्यतालिका समेतका प्रमाण संलग्न गरी कुल अंकको ३० प्रतिशत पेश्की स्वरुप उपलब्ध गराउन सक्नेछ तर ऐन नियमले रोक लगाएमा पेश्की दिन मिल्ने छैन।

२४ दास्रो किस्ताको हकमा पहिलो किस्ता रकमवाट गर्न पर्ने काम सम्पन्न गरेको प्राविधिक मुल्याङ्कन रनिङविल खर्चका प्रमाणित विल उ स को निर्णय सहितका आधारमा पहिलो किस्ता पेफ र दोस्रो किस्ता पेश्की दिन सक्नेछ।

२५ अन्तिम किस्ता भुक्तानी गर्नका लागि उ स को निर्णय सहित प्रमाणित विल भरपाइ कामसम्पन्न भएको हो भन्ने ब्यहोराको निवेदन उ स ले दर्ता गराउन पर्दछ ।

२६ त्यसपछि न पा वाट प्राविधिक पठाइ नाप जाच गर्न लगाइ कामको मुल्याङ्कन कार्यसम्पन्न प्रतिवेदन/कार्य स्विकार प्रतिबेदन नापी किताव समेतको प्राविधिक प्रतिवेदन सहित पेश गर्न लगाउनेछ ।

२७ प्राविधिक वाट पेश भएको प्रतिवेदनको एक प्रति उ स लाइ पनि उपलब्ध गराउने र उ स ले प्राप्त प्रतिवेदन सहितका खर्चका विलभरपाइको विवरण उ स र उपभोक्ता भेलामा पेश गरि सार्वजनिक परिक्षण गराएको निर्णय न पा मा पेश गर्नुपर्दछ ।

२८ न पा ले अनुगमन जाचपास तथा फरफारक समिति वाट अनुगमन गराइ सम्पन्न भएको निर्णय भएमा त्यो निर्णय सहितको समितिको प्रतिवेदन समेतका प्रमाणहरुका आधारमा शिर्षक वजेट वाट नियमानुसार भुक्तानी दिनेछ ।

२९ न पा को अनुदान बाट उ स वा ठेक्का द्वारा संचालन हुने सबै योजनामा ३० प्रतिशत सम्म पेश्की दिन सक्नेछ ।

भाग ७

**बैकं खाता संचालन सम्वन्धित व्यवस्था**

१ ३० हजार भन्दा माथिका योजनाहरुको संम्वन्धित योजनाको नाममा बैकं खाता खोल्नु पर्दछ ।

२ बैकं खाता अध्यक्ष कोषाध्यक्ष र सचिबको सयुक्त दस्तखतवाट संचालन हुनेछ ।

३ सवै भुक्तानी वैकं मार्फत हुनेछ ।

४ प्रचलित ऐन नियम वमोजिम लेखा दुरुस्त राख्नुपर्दछ ।

५ हिसाव किताव न पा र वडा कार्यालयबाट जाच हुन सक्नेछ ।

६ उ स ले बुझाउनु पर्ने राजस्व वुझाउनु पर्नेछ साथै योजनाको भुक्तानी हुदा राजस्व र निर्णय वमोजिम लाग्ने कन्टन्जेन्सी रकम र मर्मत सम्भारकोषमा जम्मा हुने रकम समेत न पा र वडा कार्यालयबाट कट्टी गरेर भुक्तानी दिईनेछ ।

७ योजनामा खर्च भएका विल भरपाई नियमानुसारको मान्यता प्राप्त हुनुको साथै सक्कली विल उ स वैठक वाट अनुमोदन गराएर न पा मा पेश गर्नुपर्नेछ । एक प्रति प्रतिलिपी उ स ले राख्नुपर्दछ ।

८ समितिले सार्वजनिक परिक्षण र लेखापरीक्षण गराउनु पर्दछ ।

९ मर्मत संभारकोष खाता सञ्चालन र खातामा रकम जम्मा गरी सो रकम बाट मर्मत गरी योजनाको अवस्था दुरुस्त राख्नु पर्दछ ।

१० न पा ले लेखा सम्वन्धि दिएको निर्देशन उ स ले पालना गर्नु पर्दछ ।

११ यसमा स्पष्ट ब्यबस्था नभएको हकमा प्रचलित ऐन नियममा व्यवस्था भए वमोजिम गर्ने ।

भाग ८

**दण्ड जरिवाना**

१. उ.स.बाट सञ्चालित योजनाको रकम हिनामिना गरेको खण्डमा समितिका जिम्मेवार पदाधिकारीहरु जबाफदेही हुनेछन ।

२. योजनाको रकम हिनामिना भएको प्रमाणित भएको खण्डमा समितिमा रहेका खाता सञ्चालकहरुबाट सरकारी बाकी सरह असुल उपर गरिनेछ ।

३. उपरोक्त बमोजिम रकम हिनामिना गरेको प्रमाणित भएको समितिलाई त्यस उप्रान्त गठित हुने उपभोक्ता समितिमा रहनबाट समेत बञ्चित गरिनेछ ।

भाग ९

विविध

वालिङ नगरपालिकाको उपभोक्ता समितिको कार्यसञ्चालन कार्यविधि २०७४ मा लेखिएका वुदाहरुमा संघिय र प्रान्तिय सरकारवाट जारीभएको ऐन नियम र प्रचलित ऐन नियम संग वाझिएको खण्डमा सोत खारेज भएको मानिनेछ र संघिय र प्रान्तिय कानुन र प्रचलित ऐन नियम वमोजिम हुनेछ । यस कार्यविधिमा सुधार तथा संशोधन गर्न आबश्यक देखिएमा नगरकार्यपालिकाको निर्णयवाट संशोधन गर्न सकिनेछ । अनुसूची फारमहरु सबै कार्यन्वयनमा ल्याउनु पर्नेछ ।ऐन नियम अनुसारका फारम रहनुको साथै आवश्यकता अनुसार नया तयार पनि गराउन सकिनेछ ।

- समाप्त